नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(............................शाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :
च.नं. :

मिति : ..............................

## प्रेस विज्ञप्ति

आज मिति २०७३ भाद्र १ गतेका दिन सम्माननीय प्रधानमन्त्री पुष्प कमल दाहाल (प्रचण्ड)ज्यूले सडक दुर्घटना न्यूनीकरण गर्ने सम्बन्धमा माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्रीज्यूलाई दिनु भएको निर्देशनको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो प्रेस विज्ञप्ति प्रकाशित गरिएको छः

निर्देशनको व्यहोरा

"यही २०७३ साउन ३१ गते सोमबार २७ जनाको ज्यान जाने गरी भएको बस दुर्घटनाले म ज्यादै दुःखी भएको छु । घटनामा परी घाइते भएका परिवारलाई सरकारले उपचार खर्च व्यहोर्ने व्यवस्था गरी उपचार गराइरहेको छ । उक्त त्रासदीपूर्ण घटनामा सरकारको कमजोर नियमन, व्यवसायीको शीघ्र आर्जन गर्ने चाहना, भारवहन क्षमताको परवाहै नगरी यात्रु चढाउने चालक र चालक दलका सदस्य, यातायात प्रणालीमा देखिएको सिण्डिकेट तथा जसरी पनि जोखिमपूर्ण यात्रा गर्नु पर्ने यात्रुको वाध्यता जिम्मेवार रहेको छ । यस प्रकारका त्रासदीपूर्ण र अत्यन्त दुःखदायी घटना नदोहोरिने व्यवस्था गर्न माननीय मन्त्रीले लिनुभएको सक्रियताको प्रशंसा गर्दछु । खासगरी बर्षायामको समयमा सडकको दुरावस्था पनि दुर्घटना निम्ताउने एक प्रमुख कारण रहिआएको छ । सडक दुर्घटनाबाट बर्सेनी भैरहेको धनजनको क्षति न्यूनीकरणका सन्दर्भमा तत्कालै देखिने गरी माथि उल्लिखित विषय र तपाईले आवश्यक ठानेका विषयमा सुधारात्मक कदम चाली लापरवाही गर्नेलाई कानूनको दायरामा ल्याउन र सिण्डिकेट प्रणालीको अन्त्य गर्न आवश्यक कानूनी र प्रशासनिक उपाय अपनाइ सडक दुर्घटना न्यूनीकरण गर्ने व्यवस्था मिलाउनु हुन र सोको प्रगतिको जानकारी मलाई गराउनु हुन निर्देशन गर्दछु ।"

२०७३ भाद्र १ गते

विनोद बहादुर कुँवर
प्रवक्ता/सहसचिव

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०२६, ४२११०२०, ४२११०४२, ४२१११०७ पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@nepal.gov.np
वेब साइट : http://www.opmcm.gov.np